# कविलासी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही

२०७४

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं. : ३×०

मिति : २०८२/०५/०८

(छाप: कविलासी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कविलासी, सर्लाही मधेश प्रदेश नेपाल)

श्री वडा कार्यालय(१०वटा) सवै

कविलासी नगरपालिका,सर्लाही ।

विषय : सुचना प्रकाशन भएको बारे ।

उपरोक्त सम्बन्धमा भूमि समस्या समाधान आयोग ,जिल्ला समिती सर्लाही ,मलंगवाको पत्र सख्या २०८२/०८३,च.नं.११,मिति २०८२/०५/०२गतेको पत्र अनुसार कविलासी नगरपालिकाको विचमा दुई पक्षिय सम्झौता भई गत २०७८/०९/२५ गते अनुसार भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धि ३५ दिने सुचना प्रकाशन भै १० वटै वडामा लगत संकलन गरिएको र हाल जग्गा नाप नक्साको कममा फिल्डमा जाँदा केही व्यक्तिहरुको लगत संकलन गर्न छुट भएको भन्ने सुचना प्राप्त भएको हुँदा भूमि समस्या समाधान आयोग ताहाचल काठमाण्डौ बाट मिति २०८२ साल श्रावन ३० गते देखि ३५ दिन भित्र सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

सवै वडा कार्यालयले यसै पत्र साथ संलग्न सुचना वडा कार्यालयको सुचना पार्टी र वडाका सार्वजनिक स्थानमा टाँस गरि व्यापक प्रचार प्रसार गराई तोकिएको मिति भित्र सम्बन्धित वडा कार्यालयमा गई वडा सचिव मार्फत अनुसूची ३ र ४को फरम भराई रुजु र दर्ता गरी कविलासी नगरपालिकाको भूमि शाखामा पठाइदिन हुनका लागि अनुरोध गरिन्छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

भूमि समस्या समाधान आयोग

# जिल्ला समिति सर्लाही, मलंगवा

फोन नं.- ०४६-५९०१२५

Email:_205sarlahi.districtcommittee@gmail.com

प.स.- २०८२/०८३

च.नं.- ११

मितिः- २०८२/०५/०२

विषयः- अन्तिम पटक लगत संकलन गर्ने सम्वन्धमा।

श्री रुपि आयोग शाखा

कविलासी नगरपालिका
कविलासी, सर्लाही
दर्ता नं. ३२६
दर्ता मितिः २०८२/०५/०५

श्री कविलासी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय कविलासी, सर्लाही

प्रस्तुत विषयमा जिल्ला सर्लाहीका सवै स्थानिय तहहरुले भूमि सम्वन्धी ऐन, २०२१ को दफा ५२ (क) को उपदफा ३ अनुसार गठन भएको आयोग संग भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत संकलन सम्वन्धी कार्यविधि २०८१, को दफा ३ अनुसार यसै कार्यविधिको अनुसुची १(क) को ढाँचामा सम्झौता भई यसै कार्यविधिको दफा ८ वमोजिम पहिलो वा दोस्रो पटक सुचना प्रकाशन भइसकेको हुँदा भुमि समस्या समाधान आयोग ताहाचल, काठमाण्डौले मिति २०८२/०४/३० गते को गोरखापत्र दैनिकमा लगत संकलनको लागि अन्तिम पटक सुचना प्रकाशन गरेको हुँदा सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र आ-आफ्नो स्थानिय तह भित्र रहेको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत संकलन गर्न गराउनु हुनको लागि आयोगले प्रकाशन गरेको सुचना समेत यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

२०८२/०५/०२

(संजय मानन्धर)

सदस्य सचिव

CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

CS CamScanner

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३०

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।